# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

आ.ले.प.०७६।०७७
च.नं.

विषय: जडिबुटी प्रशोधन केन्द्र को लिजीङ तथा व्यवस्थापन सम्वन्धी आशयपत्र आव्हानको सूचना ।
दोश्रो पटक प्रकाशित मिति:२०७६।५।१२

१। यस धनगढी उपमहानगरपालिकाले सार्वजनिक निजी साझेदारी प्रणाली अन्तर्गत योग्यता पुगेका फर्म, कम्पनी वा संस्थाहरू मार्फत धनगढी उपमहानगरपालिका वडा नं. १५ मा नवनिर्मित जडिबुटी प्रशोधन केन्द्रको लिजिङ तथा व्यवस्थापन कार्य गराउन लागेको व्यहोरा सुचित गरिन्छ । सो कार्यका लागि धनगढी उपमहानगरपालिका संग साझेदारीमा काम गर्न इच्छुक जडिबुटी संकलन, व्यापार, प्रशोधन र अनुसन्धानमा कार्य अनुभव भएका फर्म, कम्पनी वा संस्थाहरुबाट आशय पत्र पेश गर्न हुन १५ दिने सार्वजनिक सुचना प्रकासित गरिएकोमा प्रयाप्त आशय पत्र पेश नभएको हुदा पहिला पेश भएका आशय पत्रहरू यथावत रहने गरी पुन: १५ दिनको सूचना प्रकासित गरिएकोछ । यस सम्वन्धि थप जानकारी आवश्यक भए कार्यालयको योजना तथा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

२। परियोजनाको संक्षिप्त विवरण: धनगढी उपमहानगरपालिका वडा नं. १५ मा नवनिर्मित जडिबुटी प्रशोधन केन्द्र आगामी १५ वर्षका लागि लिजिई सहित व्यवस्थापन गर्ने र सुदुरपश्चिम प्रदेशमा रहेका जडिबुटीको संकलन, प्रशोधन, व्यापार तथा अनुसन्धान सम्वन्धी कार्य गर्ने ।

३। साझेदारको न्युनतम योग्यता:प्रचलित कानुन वमोजिम सरकारका निकायहरुसंग साझेदारीमा कार्य गर्न दर्ता र नविकरण रहेको । जडिबुटी संकलन, प्रशोधन, व्यापार र अनुसन्धान क्षेत्रमा कार्य गरेको न्युनतम १ वर्षको अनुभव । विगत २ आर्थिक वर्षमा आवेदकको नाममा न्युनतम १ करोड सम्म कारोवार अंक रहेको ।

४। आशय पत्र पेश गर्ने मिति समय र स्थान:२०७६।५।१२ गते देखि ०७६।५।२६ गते दिनको ५:०० वजे भित्र,धनगढी उपमहागरपालिका कार्यलय ।

५। आशय पत्र उपर जाचवुझ गरी संक्षिप्त सुची तयार गरिने:आवेदन पेश गर्ने अन्तिम मितिको १५ दिन भित्र । उक्त दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्वन्धि काम हुने छ ।

६। आशय पत्रमा संलग्न गर्नुपर्ने : आशय पत्रको निवेदन ,प्रचलित कानुन वमोजिम दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र ,कार्य अनुभव झल्किने कागजात, कारोवार देखिने बैंक स्टेटमेन्ट र अन्य आवस्यक कुरा

७। सम्झौताका कानुनी आधारहरू: धनगढी उप महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन,२०७४ , सार्वजनिक निजी साझेदारी तथा लगानी सम्वन्धमा व्यवस्थापन गर्न बनेको ऐन २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ ।

८। ३ मनसाय पत्र आव्हान सम्वन्धी कागजात धनगढी उप महानगरपालिकाको कार्यालयवाट मिति गते कार्यालय समय भित्र रू ३०००। (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिने छ ।

९। समय सीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरू राखि पेश भएका मनसायपत्रहरू मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner